# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ चौमाला, कैलाली माघ २५ गते आइतबार, २०७७ साल, (संख्या ८)

भाग -३

## विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत तहसम्मको शिक्षा सङ्घीय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको र आधारभूत तहसम्मको शिक्षालाई गुणस्तरीय, निःशुल्क तथा अनिवार्य गराउन प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ । यस दिवा खाजा कार्यक्रमलाई सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६"** जारी गरेको र **गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६** को दफा ४ को अधिकार प्रयोग गरी गौरीगङ्गा नगरपालिकाका विद्यालयहरूमा यस कार्यक्रमलाई उद्देश्यमूलक, प्रभावकारी र सुव्यवस्थित गर्न यस **गौरीगङ्गा नगरपालिका**, कार्यपालिकाले दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७७ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७७ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

(ग) यो कार्यविधि दिवा खाजा कार्यक्रम लागु भएका नगरपालिकाभित्रका विद्यालयहरूको हकमा मात्र लागू हुनेछ ।

गौरीगङ्गा राजपत्र

**२. परिभाषाः**

**(क) "दिवा खाजा"** भन्नाले विद्यालयमा विद्यार्थीहरूका लागि व्यवस्था गरिएको सङ्घीय सरकारको सशर्त अनुदानअन्तर्गतको तोकिएका कक्षाका विद्यार्थीहरूलाई विद्यालय नियमित खाजा कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "**नगरपालिका**" भन्नाले गौरीगङ्गा नगरपालिका कैलाली सम्झनु पर्दछ ।

(ग) "**भान्छे**" भन्नाले विद्यालयमा दिवा खाजा पकाउने, पस्केर खुवाउने, यस कार्यमा प्रयोग भएका भाँडा वर्तन सफा गर्ने आदि भान्सा/भान्छाको काम गर्ने व्यक्ति; भान्से ।

**३. उद्देश्यहरू**

सङ्घीय सरकारले विद्यायलमा पढ्ने बालबालिकाको शिक्षामा पहुँच, नियमितता, विद्यालयबाट भाग्ने दर घटाउन, गुणस्तर अभिवृद्धि र स्वस्थ्यमा सुधार गर्न सञ्चालित दिवा खाजा कार्यक्रमका उद्द्येश्यहरू पुरा गर्ने गरी यस नगरपालिकाले दिवा खाजा कार्यक्रमको लागि देहाय वमोजिम परिपूरक उद्देश्यहरु निर्धारण गरिएको छ ।

- विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउन ।
- विद्यार्थीको पोषणमा सुधार गर्न ।
- विद्यालय बिचमै छोडने प्रवृतिमा कमी ल्याउन ।
- स्थानीय कृषि तथा पशुपंक्षीजन्य उपजलाई बढावा दिन ।
- शिक्षाको गुणस्तर र स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउन ।

**४. लक्षित समूहः**

नेपाल सरकारले तोकेको यस नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरू यस कार्यक्रमको लक्षित समूह हुनेछ ।

**५. पोषण मापदण्डः**

नेपाल सरकारवाट तोकिएको पोषण मापदण्डलाई (दैनिक रूपमा चाहिने बृहत तथा सुक्ष्म पोषक तत्वहरु मात्राको ३०% दिवा खाजावाट प्राप्त हुनुपर्छ) पुर्णरुपले पालना गर्न देहाय वमोजिमको व्यवस्था गरिने छ ।

(क) प्रत्येक एक व्यक्ति (विद्यार्थी) को लागि दैनिक निम्न अनुसार खाद्य सामाग्री मात्रा हुनेछ ।

| खाद्य सामग्रीको समूह | बालविकास देखि कक्षा ५ सम्म (ग्राममा) | कक्षा ६ देखिमाथि (ग्राममा)* | कैफियत |
|---|---|---|---|



गौरीगंगा राजपत्र

| | | | |
|---|---|---|---|
| अन्न (चामल, गहुँ, कोदो, मकै) एक्लै वा मिसाएर | ८० | १०० | |
| दलहन (दाल, गेडागुडी) | ५० | ६० | |
| हरियो तरकारी | ५० | ७५ | |
| खाने तेल | ५ | ७.५ | |
| पशुजन्य (माछा, मासु, अण्डा, दुध, दही) | ३० | ४० | हप्तामा एक दिन |
| फलफुल** | १ ओटा | १ ओटा | हप्तामा एक दिन |
| अन्य मसाला | आवश्यकतानुसार | आवश्यकतानुसार | |

*हाल सङ्घीय सरकारको अनुदान बालविकासदेखि कक्षा ५ सम्म मात्र हुनेछ ।

**मौसमी फलफुलहरू स्याउ, सुन्तला, आँप, अनार, केरा, जुनार, मेवा आदि ।

(ख) सवै विद्यालयले उल्लेखित खाद्य सामग्रीहरूको न्यूनतम मात्रा अनिवार्य पूरा गर्नु पर्नेछ ।

**६. दिवा खाजाको मेनुः**

तोकिएको पोषण मापदण्ड र खाद्य सामाग्रीहरूको मात्राको आधारमा यस नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूका लागि एउटै दिवा खाजाको साप्ताहिक मेनु हुनेछ । मेनुको लागि देहाय बमोजिको व्यवस्था गरिने छ ।

(क) दिवा खाजाको मेनु निर्माण सहकारी, कृषि तथा अन्य समूह, संघसंस्थाहरू, कृषि, पोषण, स्वास्थ्य विज्ञको परामर्श र विद्यालय शिक्षक, वि.व्य.स. र आमाहरूको सल्लाहमा प्र.अ. बैठकबाट हुनेछ ।

(ख) दिवा खाजाको मेनु यस नगरपालिकाको उत्पादनमा आधारित हुने वा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने हुनेछ ।

(ग) हिउँद र वर्षा गरी दुई ओटा मौसमका लागि अलग अलग मेनुको सेट निर्माण गरिने छ ।

(घ) प्रत्येक दिनको दिवा खाजा मेनु अलग अलग तथा एक दिनको मेनु नगरपालिकाका सबै विद्यालयहरूमा एउटै हुने गरी साप्ताहिक मेनु लागु हुनेछ ।

(ङ) वर्षको दुई पटकसम्म मेनुको पुनरावलोकन गर्न सकिनेछ । पहिलो पटकलाई अनूसुची ४ अनुसारको मेनु हुनेछ ।

**७. पूर्वाधार सम्बन्धी व्यवस्था**

नगरपालिकाले सबै सामुदायिक विद्यालयहरूलाई भण्डार सहितको भान्साकोठा निर्माण गर्न प्रत्येक १० वर्षमा एकपटक देहाय बमोजिमको अनुदान उपलब्ध गराउन सक्नेछ । पहिलो पटक दिवा खाजाका लागि सङ्घीय सरकारबाट विनियोजित सशर्त अनुदानको रकम उपलब्ध गराईने छ ।

(क) विद्यार्थी सङ्ख्या ७५ जनासम्म भएको विद्यालयलाई रु.३०,००० वा सो बराबरको निर्माण सामग्री,

(ख) विद्यार्थी सङ्ख्या ७६ देखि १५० जनासम्म भएको विद्यालयलाई रु.४०,००० वा सो बराबरको निर्माण सामग्री,

(ग) विद्यार्थी सङ्ख्या १५१ देखि २५० जनासम्म भएको विद्यालयलाई रु.५०,००० वा सो बराबरको निर्माण सामग्री,

(घ) विद्यार्थी सङ्ख्या २५० जनाभन्दा बढी भएको विद्यालयलाई रु.६०,००० वा सो बराबरको निर्माण सामग्री ।

(ङ) नगरपालिकाले उपलव्ध गराएको अनुदान रकम वा सामग्री अपुग वि.व्य.स.ले स्थानीय समुदाय, अभिभावक, दाता, अन्य सँस्थाहरूको सहयोगमा भण्डार सहितको भान्सा निर्माण गर्न सक्नेछन् ।

(च) भण्डार सहितको भान्साकोठा निर्माण गर्दा **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** मा तोकिएको ढाँचामा मात्र निर्माण गर्नु पर्नेछ । यस कार्यमा स्थानीय निर्माण सामग्रीहरूको बहुप्रयोग गरिनेछ ।

**८. भान्सामा प्रयोग हुने सामग्रीहरू (पकाउने र खाने भाँडा वर्तन):**

नगरपालिकाले सबै सामुदायिक विद्यालयहरूलाई दिवा खाजा तयार गर्न र खुवाउन आवश्यक सामग्री व्यवस्थापन गर्न प्रत्येक ५ वर्षमा एकपटक देहाय बमोजिमको अनुदान उपलब्ध गर्न सक्नेछ । पहिलो पटक दिवा खाजाको लागि सङ्घीय सरकारबाट बिनियोजित सशर्त अनुदानको रकम उपलब्ध गराईने छ ।

(क) विद्यार्थी सङ्ख्या ७५ जनासम्म भएको विद्यालयलाई रु.१०,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट,

(ख) विद्यार्थी सङ्ख्या ७६ देखि १५० जना भएको विद्यालयलाई रु.१५,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट,

(ग) विद्यार्थी सङ्ख्या १५१ देखि २५० जना भएको विद्यालयलाई रु.२०,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट,

(घ) विद्यार्थी सङ्ख्या २५० जनाभन्दा बढी भएको विद्यालयलाई रु.२५,००० वा सो बराबरको भान्साका सामग्रीहरूको एक सेट ।

यसरी विद्यालयले भान्साका सामग्रीहरू व्यवस्थापन गर्दा **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** मा तोकिएको विद्यार्थी सङ्ख्याको आधारमा चाहिने न्यूनतम भान्साका सामग्रीहरूको व्यवस्था गर्नु पर्नेछ ।

**९. चुलो र ईन्धनको व्यवस्थापनः**

विद्यालयहरूले दिवा खाजा तयार गर्न चुलो र ईन्धनको व्यवस्थापन आफैं गर्नुपर्ने छ । विद्यालयहरूले सङ्घीय सरकारले तोकेको रकम खाद्य सामाग्रीहरू खरीद गर्न र भान्सेका लागि खर्च गरी बाँकी रहेको रकमबाट चुलो र ईन्धनको व्यवस्थापन गर्नु पर्नेछ । यसका लागि अपुग रकम वि.व्य.स.ले स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरूबाट सहयोग जुटाउन सक्नेछ । यदि विद्यालयले एल.पी.जी. ग्याँस चुलो प्रयोग नगरी दाउराको चुलो प्रयोग गरेमा यस्ता चुलो **"सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६"** मा तोकिएको अनुसारको सुरक्षित, धुँवा रहित र वातावरणमैत्री चुलो मात्र प्रयोग गर्नु पर्नेछ । नगरपालिकाले विद्यालयहरूमा यस्तो चुलो निर्माणको लागि नेपाल सरकारको सम्बन्धित निकाय, **वैकल्पिक ऊर्जा प्रबर्धन केन्द्र** वा यसले तोकेको संस्थासँग सहकार्य गरी आवश्यक सहयोग गर्न सक्नेछ ।

**१०. दिवा खाजाको लागि खाद्य सामग्री खरिदः**

दिवा खाजा कार्यक्रमका लागि यस नगरपालिकामा खाद्य सामग्रीहरूको खरिद देहाय बमोजिम हुनेछ ।

(क) दिवा खाजाको लागि चाहिने खाद्य सामग्रीहरुको खरिद सङ्घीय सरकारले तोकेको मोडेलहरूमध्येको विद्यालय केन्द्रित बाह्य स्रोत मोडेलबाट हुनेछ ।

(ख) यस अन्तर्गत विद्यालयले नगरपालिकाबाट पहिचान भएको महिला वा कृषि सहकारी, कृषक समूह वा अन्य आपूर्तिकर्तासँग खाद्य सामग्री खरिद तथा आपूर्ति गर्नेछ ।

(ग) यस्ता जोसुकै आपूर्तिकर्ता भए पनि दिवा खाजाका लागि चाहिने प्रायः सबै खाद्य सामग्रीहरू (स्थानीय स्तरमा उत्पादन नहुने बाहेक) स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ । तोकिएको सम्झौता अवधिमा ५०% भन्दा कम मूल्य बराबरको स्थानीयस्तरमा उत्पादित खाद्य सामग्रीहरू आपूर्ति भएमा विद्यालयले यस्तो आपूर्तिकर्तासँग खरिद सम्झौता नवीकरण गर्ने छैन ।

**११. दिवा खाजा तयारी तथा वितरण सम्बन्धी व्यवस्थाः**

यस नगरपालिका अन्तर्गतका विद्यालयहरूले दिवा खाजा तयारी देहाय बमोजिम गर्ने छन् ।



गौरीगङ्गा राजपत्र

(क) विद्यार्थी सङ्ख्या ७५ जनाभन्दा कम भएका विद्यालयले तोकिएको विद्यालय खाजा व्यवस्थापन समिति वा वि.व्य.स.ले विद्यालयको विद्यमान परिचर वा स्वयंसेवक (आमाहरूलाई प्राथमिकता दिई) भान्छे परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि सहजीकरण गर्नेछन् ।

(ख) विद्यार्थी सङ्ख्या ७६ देखि १५० जनासम्म भएका विद्यालयमा स्वयंसेवक भान्छे (आमाहरूलाई प्राथमिकता दिई) परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि सहजीकरण गर्नेछन् ।

(ग) विद्यार्थी सङ्ख्या १५१ जनाभन्दा बढी भएका विद्यालयले तोकिएको विद्यालय खाजा व्यवस्थापन समिति वा वि.व्य.स.ले विद्यालयको विद्यमान परिचरमध्ये एक जना वा स्वयंसेवक भान्छेहरू (आमाहरूलाई प्राथमिकता दिई) परिचालन गर्ने । यस कार्यमा प्राथमिक तहमा कार्यरत शिक्षकहरूले पनि सहजीकरण गर्नेछन् ।

(घ) दिवा खाजा तयार गर्ने भान्छे स्वयंसेवक वा विद्यालयमा कार्यरत कर्मचारी भएपनि उनीहरूको परिश्रमको सम्मान गर्न वि.व्य.स.ले केही रकम उपलब्ध गराउन सक्नेछ ।

(ङ) सुरक्षाको दृष्टिले प्रत्येक दिन सबैभन्दा पहिले खाजा तयार गर्ने भान्छे र प्रधानाध्यापक वा फोकल शिक्षकले तयार भएको खाजा चाखेर रुजु गरेपछि मात्र वितरण गर्नु पर्नेछ ।

(च) दिवा खाजा वितरण शिक्षकहरूको उपस्थीति तथा सहयोगमा मात्र हुनेछ । खाजा वितरण गर्दा शुरुमा सबभन्दा सानो कक्षादेखि शुरु गरी क्रमशः माथिल्लो कक्षाहरूका विद्यार्थीहरूलाई वितरण गर्नु पर्नेछ ।

**१२. दिवा खाजाको लागि रकम निकासाः**

नगरपालिकाबाट दिवा खाजा व्यवस्थापनका लागि नगद तथा जिन्सी निकासा देहाय बमोजिम गर्नेछ ।

(क) सङ्घीय सरकारबाट प्राप्त विद्यार्थी भर्ना अनुसारको रकम प्रत्येक विद्यालयको खातामा चौमासिक रुपमा पेश्की स्वरुप पठाइनेछ । यसको लागि विद्यालयले पछिल्लो चौमासिकको प्रगति विवरण सहित अनुदान निकासाका लागि माग फाराम भरी अनुसूची १ नगरपालिकाको शिक्षा शाखामा पेश गर्नेछ । पहिलो पटकलाई IEMIS का आधारमा पेश्की रकम उपलब्ध गराइने छ ।

(ख) नगरपालिकाले दिवा खाजाको रकम निकासा गर्दा पछिल्लो विद्यालयले पेश गरेको प्रगति विवरण सहितको चौमासिकको खर्च फछ्र्यौट गरी मौज्दात रकम कटाई अर्को चौमासिकको लागि थप रकम निकासा दिनेछ ।

(ग) उपरोक्तानुसारको रकम निकासाका लागि विद्यालयले अनुसूची १ अनुसारको माग फारम भरी नगरपालिकाको शिक्षा शाखामा पेश गर्नेछ ।

(घ) भण्डारण सहितको भान्साकोठाको रकम निकासाका लागि विद्यालयले तोकिएको ढाँचा अनुसारको भान्साकोठा निर्माणको लागत अनुमान स्वीकृत गरी सोका लागि आवश्यक स्रोत पहिचान गरी अपुग रकमका लागि वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(ङ) शिक्षा शाखाले उपरोक्त निवेदन रुजु गरी तोकिएको रकम वा सामग्रीको निकासाको सिफारिस गर्नेछ ।

(च) विद्यालयले भान्साका सामग्रीहरूको लागि पनि तोकिएको मापदण्ड अनुसारको आवश्यक खर्च लागत अनुमान गरी सो खर्चको लागि आवश्यक अपुग रकम वडा कार्यलयको सिफारिस सहित नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ र सो निवेदनका आधारमा तोकिएको रकम वा सामग्रीहरू नगरपालिकाले निकासा गर्नेछ ।

**१३.** नगरपालिकाभित्रका विद्यालयहरूमा दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी नगर शिक्षा समिति र विद्यालयमा वि.व्य.स.लाई नै हुनेछ । यस कार्यका लागि आवश्यकतानुसार उपसमितिहरू गठन गरी परिचालन गर्न सकिनेछ ।

**१४.** यस नगरपालिका अन्तर्गतका सबै विद्यालहरूले वि.व्य.स. को अगुवाईमा दिवा खाजा व्यवस्थापन तथा कार्यन्वयनमा सहयोग जुटाउन विद्यालयमा अध्ययनरत बालबालिकाका **अभिभावक तथा आमाहरूको सूची र समूह** बनाउने छ । यी समूहहरूले पालैपालो विद्यालयमा दिवा खाजाका लागि खरिद भएको खाद्य सामग्रीहरूको परीक्षण गरी सुझाव दिने, सफा गर्ने, खाजा तयारी, वितरण, सरसफाई तथा फोहोर व्यवस्थापन जस्ता कार्यहरूमा सहयोग तथा अनुगमन गर्नेछ ।

**१५.** विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) ले विद्यालयका अभिभावक र आमा समूहहरूसँगको सल्लाह र सहयोगमा दिवा खाजा व्यवस्थापनका लागि निम्न कार्यहरू गर्ने गराउने छ ।

(क) नगरपालिकाले दिवा खाजाका लागि तोकेको न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्न ।

(ख) दिवा खाजाको न्यूनतम मापदण्ड र पूर्वाधारहरूको व्यवस्थापनका लागि आवश्यक आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनका लागि वडा कार्यालय, नगरपालिका लगायत अन्य निकाय र दाताहरूसँग सहकार्य गर्न ।

(ग) नगरपालिकाले दिवा खाजाका लागि तोकेको मेनु र अन्य पोषणका लागि आवश्यक खाद्य सामग्रीका लागि अनुसूची २ अनुसारको खरिद योजना तयार गर्न ।

गौरीगङ्गा राजपत्र

(घ) खरिद योजना अनुसार नगरपालिकाले पहिचान गरेका कृषि सहकारी, अन्य सहकारी वा कृषक समूहहरूसँग आवश्यक परिमाण सहितको खाद्य सामग्रीको खरिद तथा आपुर्तिको लागि अनुसूची ३ अनुसारको ढाँचामा सम्झौता गर्न ।

(ङ) अभिभावक तथा आमा समूहलाई तोकिएको कार्यको लागि रुटिन अनुसार परिचालन गर्न ।

(च) दिवा खाजाका लागि तोकिएको मापदण्ड अनुसारको रकम वा अन्य स्रोतहरू खोजी र निकासा गर्न ।

(छ) खाद्य सामग्री आपूर्तिकर्तालाई तोकिएको समयमा रकम उपलब्ध गराउन ।

(ज) स्वयंसेवक भान्से छनोट र परिचालन गर्न ।

(झ) अत्यावश्यक भएकोमा विद्यालय दिवा खाजा व्यवस्थापन समिति गठन गरी परिचालन गर्न ।

(ञ) नगरपालिका र अन्य निकायबाट प्राप्त सुझाव र निर्देशनहरू कार्यान्वयन गर्न ।

**१६.** यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको दिवा खाजा कार्यक्रम कार्यन्वयनमा निम्नानुसार भूमिका हुनेछ ।

(क) दिवा खाजाका लागि आवश्यक पूर्वाधार र अन्य कार्यका लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

(ख) वडाभित्रका स्वास्थ्य सँस्थासँगको समन्वयमा प्रत्येक बालबालिकालाई छ छ महिनामा जुकाको औषधि खुवाउने र दिवा खाजका लागि विद्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) विद्यालय र नगरपालिकाबिच पुलको काम गरी विभिन्न निकायहरूसँग समन्वय गर्ने ।

(घ) तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

**१७.** शिक्षा शाखाले दिवा खाजा कार्यक्रम सञ्चालन र कार्यन्वयनमा देहायका कार्यहरू गर्नेछ ।

(क) यस कार्यविधि र नगर शिक्षा समितिको निर्णयानुसार नगरपालिकाभित्रका विद्यालयहरूमा दिवा खाजा कार्यक्रमका लागि तोकिएको मापदण्ड र मेनु अनुसार कार्यान्वयन र अनुगमन सुपरिवेक्षण गर्ने ।

(ख) दिवा खाजा कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्ययोजना तथा बजेट तयार गरी नगर शिक्षा समितिबाट अनुमोदन गराई कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने ।

(ग) दिवा खाजा कार्यक्रमका लागि आवश्यक मानवस्रोत तथा कर्मचारी व्यवस्थापनका लागि नगरपालिका र विद्यालयहरूसँग समन्वय गर्ने ।



गौरीगङ्गा राजपत्र

(घ) दिवा खाजाका लागि विद्यालयहरूलाई तोकिएको मापदण्ड तथा माग अनुसार चौमासिक निकासा वा पेश्की खर्चका लागि सिफारिस गर्ने ।

(ङ) विद्यालयहरुले पेश गरेको प्रगति प्रतिवेदनहरू एकीकृत गरी नगरपालिकास्तरीय प्रतिवेदन तयार गरी सम्न्धित निकायहरूमा पेश गर्ने ।

(च) प्रधानाध्यापक बैठकमा दिवा खाजासँग सम्बन्धित विषयवस्तुहरूमा छलफल गर्ने, गराउने ।

(छ) दिवा खाजा व्यवस्थापन कार्यमा सँलग्न कर्मचारी तथा अन्य सरोकारवालहरू (भान्से, वि.व्य.स. र शिक्षक आदि) को क्षमता विकास र यस कार्यक्रमको प्रभावकारिताका लागि सम्बन्धित निकायहरू (खाद्य तथा गुणस्तर नियन्त्रण विभाग, शिक्षाका लागि खाद्य परियोजना, विश्व खाद्य कार्यक्रम आदि) तथा अन्य विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने ।

**१८.** दिवा खाजा कार्यक्रम कार्यान्वयनमा नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

(क) दिवा खाजाको विषयमा हुने बैठकमा आवश्यकतानुसार कृषि, पशु, महिला बालबालिका, स्वास्थ्य, सामाजिक सुरक्षा शाखाका प्रमुख लगायतका अन्य सरोकारवालाहरूलाई पनि आमन्त्रण गरी बहुक्षेत्रीय प्लेटफर्म तयार गरी आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने ।

(ख) शिक्षा शाखाले पेश गरेको दिवा खाजा कार्यक्रमको वार्षिक कार्ययोजना र बजेटमा आवश्यक छलफल गरी अनुमोदन गर्ने र कार्यपालिकामा स्वीकृतिका लागि पहल तथा समन्वय गर्ने ।

(ग) दिवा खाजालाई स्थानीय स्तरको उत्पादनमा आधारित बनाउन कृषि विकास तथा पशु सेवा शाखाको सहयोगमा सहकारीहरू, कृषक समूहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग गर्ने ।

(घ) दिवा खाजा कार्यक्रममा अन्य क्षेत्र (सरकारी तथा गैरसरकारी)को समेत भूमिका पहिचान गरी प्राविधिक, आर्थिक तथा अन्य सहयोग वा सहकार्यका लागि पहल गर्ने ।

(ङ) दिवा खाजा कार्यक्रमको प्रभावकारिताका लागि आवश्यक नीति, नियम, योजना, तथा कार्यक्रमहरूको मस्यौदा तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

(च) नगरपालिकाभित्रका सबै विद्यालयहरूको नियमित अनुगमन सुपरिवेक्षण गरी, गराइ आवश्यक सुझाव र निर्देशनहरू दिने ।

**१९.** दिवा खाजा कार्यक्रम कार्यान्वयनमा स्थानीय सरकारको रुपमा कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर शिक्षा समितिवाट पेश भएका नीति, नियम, योजना, तथा कार्यक्रमहरूको मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने ।

(ख) शिक्षा शाखावाट प्रस्तुत भएको दिवा खाजाको वार्षिक कार्ययोजना र बजेट आदि स्वीकृत गर्ने ।

(ग) सङ्घीय सरकारवाट प्राप्त रकमवाहेक दिवा खाजा व्यवस्थापन प्रभावकारी थप बजेट व्यवस्था गर्ने ।

(घ) दिवा खाजा व्यवस्थापनलाई प्रभावकारी बनाउन थप कर्मचारी व्यवस्था गरी खटाउने ।

(ङ) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरू विकास गर्न सरकारी, गैर सरकारी सँस्था, निजी क्षेत्र, विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने, गराउने ।

(च) दिवा खाजाको विस्तार तथा गुणस्तर वृद्धिका लागि केन्द्र र प्रदेश सरकारसँग सहयोगका लागि पहल गर्ने ।

(च) नगरपालिकाभित्रका सबै विद्यालयहरूको नियमित अनुगमन सुपरिवेक्षण गरी, गराइ आवश्यक सुझाव र निर्देशनहरू दिने ।

२०. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकारसहित स्थानीय तह र सहयोगी सँस्था र अभिभावकहरूसँग समन्वय, सहकार्य र साझेदारी गरिने छ ।

२१. दिवा खाजा व्यवस्थापनका लागि स्थानीय सहकारी, आमा समूह, क्याटरिङ/क्यान्टीन सञ्चालक, कृषक समूहहरूसँग आवश्यक वित्तीय, व्यवस्थापकीय तथा लागत साझेदारी गर्न सकिने छ ।

गौरीगंगा राजपत्र

## अनुसूची १

## चौमासिक प्रगति विवरण तथा अनुदान निकासा फाराम

विद्यालयको नाम : वडा नं. मितिः

अघिल्लो चौमासिक अवधिमा विद्यालय सञ्चालित दिनः खाजा खुवाएको दिनः

### क. अघिल्लो चौमासिकको विद्यार्थी सङ्ख्या

| विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थिति दिन | | | |
| खाजा उपभोग भएका दिनको जम्मा उपस्थिति | | | |

### ख. पछिल्लो मौज्दातको र आगामी निकासाको विवरण

| विवरण | रकम (रु. हजारमा) | खाद्य सामग्री १ (केजी) | खाद्य सामग्री २ (केजी) | खाद्य सामग्री ३ (केजी) | खाद्य सामग्री ४(केजी) |
|---|---|---|---|---|---|
| गत चौमासिकको मौज्दात | | | | | |
| गत चौमासिकमा प्राप्ति | | | | | |
| गत चौमासिकको खर्च | | | | | |
| बचत र मौज्दात | | | | | |
| जम्मा विद्यार्थी भर्ना | | | | | |
| आगामी चौमासिकमा खाजा उपभोग हुने जम्मा दिन | | | | | |
| प्रतिदिन प्रति विद्यार्थी लागत रकम र आवश्यक खाद्य सामग्री परिमाण दर | | | | | |
| आवश्यक खाद्य सामग्री परिमाण र रकम | | | | | |
| जम्मा मौज्दात बचत | | | | | |
| निकासा हुनुपर्ने रकम र खाद्य सामग्रीको परिमाण | | | | | |

वि.व्य.स. अध्यक्षको नामः

सही :

सामग्री बुझिलिनेको नाम :

सही :

विद्यालय छापः

खाद्य सामग्री वा रकम निकासा गर्ने अधिकारीको नामः

सहीः

प्र.अ.को नामः

सहीः

मितिः

गौरीगंगा राजपत्र

## अनुसूची २

## खरिद समितिले तयार गर्नुपर्ने खरिद योजनाको विवरण

**विद्यालयः** **वडा नं.** **मितिः**

**खाद्य सामग्री परिमाण र लागत अनुमान**

| निर्धारित खाद्य टोकरी परिकार | ...वर्षमा खाजा उपभोग हुने अनुमानित दिन | खाजा परिमाणको दर | जम्मा विद्यार्थी भर्ना | आवश्यक पर्ने सामग्रीको परिमाण | बचत र मौज्दात खाद्य सामग्रीको परिमाण | खरिद गर्नुपर्ने खाद्य सामग्रीको वास्तविक परिमाण | अनुमानित एकाइ मूल्य दर | अनुमानित जम्मा मूल्य | सामग्रीको गुणस्तर विवरण (ब्राण्ड) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्नेः** **रुजु गर्नेः** **स्वीकृत गर्नेः**

गौरीगंगा राजपत्र

## अनुसूची ३

## दिवा खाजाका लागि खाद्य सामग्री आपूर्तिका लागि आपूर्तिकर्ता र विद्यालयबिच भएको सम्झौता

बोलपत्र नं.

विद्यालयः वडा नं.......

आपूर्तिकर्ताको नामः ठेगानाः सम्पर्क नं.

तल उल्लिखित शर्तअनुसार तालिकाको ...... बमोजिमका खाद्य सामग्रीहरू खरिद तथा आपूर्ति गर्न दुवै पक्ष मञ्जुर भई यो सम्झौता मितिः ..................................... का दिन ................ विद्यालय र ......... आपूर्तिकर्ताबिच सम्पन्न भएको छ ।

शर्तहरूः

१. आपूर्तिकर्ताले नबिग्रिने खाद्यवस्तु मासिक रुपमा र बिग्रने सामग्रीहरू विद्यालयमा खाजा खुवाउने दिन बिहान मात्र सामग्री विद्यालयमा तोकिएको कर्मचारीलाई माग बमोजिमको खाद्य सामग्री उपलब्ध गराउनु पर्नेछ ।

२. विद्यालयले आपूर्तिकर्तालाई मासिक/चौमासिक रुपमा बैंक मार्फत भुक्तानी गर्नेछ ।

३. तोकिएको समयमा ५०% भन्दा बढी सामग्री वा तोकिएको गुणस्तर र परिमाणको सामग्री आपूर्ति नभएकोमा जुनसुकै समयमा सम्झौता रद्द गर्न सकिनेछ ।

४. गुणस्तरहीन सामग्रीले कुनै हानीनोक्सानी हुन गएमा आपूर्तिकर्ताले सोको क्षतिपूर्ति गर्नु पर्नेछ ।

५. कुनै पक्षले सम्झौता रद्द गर्न चाहेमा कम्तीमा एक महिना अगावै अर्को पक्षलाई लिखित जानकारी गराउनु पर्नेछ ।

| आपूर्तिकर्ताको पक्षबाट सम्झौता गर्नेको | साक्षी | विद्यालयको पक्षबाट सम्झौता गर्नेको |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| हस्ताक्षरः | सँस्थाः | हस्ताक्षरः |
| मितिः | हस्ताक्षरः | मितिः |
| छापः | मितिः | विद्यालयको छापः |

## तालिकाः खरिद तथा आपूर्ति गरिने खाद्य सामग्रीहरू

| क्र.सं. | खाद्य सामग्री | खाद्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाइ मूल्य दर रु. | जम्मा मूल्य रु. | आपूर्ति समय र तरिका |
|---|---|---|---|---|---|---|
| क. अन्न | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. दाल तथा गेडागुडी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ग. हरियो सागपात | | | | | | |
| | | | | | | |
| | | | | | | |
| घ. तरकारी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ङ. जरा तथा कन्दमुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| च. फलफूल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| छ. अण्डा | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ज. अन्य विविध | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आपूर्तिकर्ताको पक्षबाट सम्झौता गर्नेको
नामः
पदः
हस्ताक्षरः
मितिः
छापः

साक्षी
नामः
पदः
सँस्थाः
हस्ताक्षरः
मितिः

विद्यालयको पक्षबाट सम्झौता गर्नेको
नामः
पदः
हस्ताक्षरः
मितिः
विद्यालयको छापः

## अनुसूची ४

## गौरीगङ्गा नगरपालिका, कैलाली

## विद्यालयका लागि दिवा खाजाको साप्ताहिक मेनु

| क.स. | बार | परिकार | मात्रा | कैफियत |
|---|---|---|---|---|
| १. | आइतबार | खिचडी | बुँदा नं. ५(क) अनुसार हुनेछ । | |
| २. | सोमबार | खीर र साग/तरकारी | | |
| ३. | मङ्गलबार | क्वाँटी/अण्डा | | |
| ४. | बुधबार | रोटी/पुरी तरकारी | | |
| ५. | बिहीबार | दाल, भात, तरकारी | | |
| ६. | शुक्रबार | मासु चिउरा/फलफुल | | |
| ७. | विकल्प १ | मकै/कोदो/सुजीको हलुवा | | |
| ८. | विकल्प २ | चिउरा र गेडागुडी/तरकारी | | |
| ९. | विकल्प ३ | मकैको सैया | | |
| १०. | विकल्प ४ | भुटेको मकै र भटमास | | |
| ११. | विकल्प ५ | सर्वोत्तम पिठोको लिटो | | |
| १२. | विकल्प ५ | स्वास्थ्य मन्त्रालयबाट स्वीकृत तयारी खाजा | | |

आज्ञाले
खगेन्द्र राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र